मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

फागुपर्व सभ्य रूपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं ।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रंग दल्ने काम नगरौं ।
- सामाजिक तथा साास्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
- हानिकारक र रसायनयुक्त रंगको प्रयोग नगरौं ।
- मदिरा तथा लागू पदार्थको सेवन नगरौं ।
- गैरकानूनी र उच्छृंखल व्यवहार नगरौं ।

चाडपर्वलाई मौलिक रुपमा मनाऔं,
सभ्य नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २८ ◆ अङ्क : १०६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ फागुन २० गते शनिवार (Saturday, March 4. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

झापाका चार पम्पका लागि ल्याइएको डिजलमा 'मिसावट'

छानविन समितिले अझै सार्वजनिक गरेन ल्याब रिपोर्ट

झापा, फागुन १५। भारतबाट आयात गरिएको पेट्रोलियम पदार्थको डेन्सिटी (घनत्व) मा फरक परेपछि नेपाल आयल निगमले बितरण गर्ने पेट्रोलियम पदार्थको शुद्धतामा प्रश्न उठेको छ ।

मेची भन्सार कार्यालय हुँदै भारतबाट ल्याइएका ४ वटा ट्यांकरको ८० हजार लिटर डिजलमा डेन्सटी फरक परेपछि पेट्रोलियम पदार्थको शुद्धतामा प्रश्न उठेको हो । मे १ख २१४९, मे १ ख २१५१, ना ७ ख १५०७ र ना ७ ख ६९७४ नम्बरका ट्याक्टरहरुमा आयात गरिएको डिजेलको घनत्व परीक्षण गर्दा फरक पाइएपछि मट्टितेल मिसावट भएको आशंका गरिएको छ । डिलेलको घनत्व फरक परेसंगै नेपाल आयल निगमकी प्रबन्धक कमला न्यौपानेको संयोजकत्वमा छानविन समिति बनाइएको हो । भारतबाट आयात गरिएको डिजेलमा मट्टितेल मिसावट भएको शंका लागेसँगै परीक्षणका लागि केन्द्रीय प्रयोगशाला पठाइएको नेपाल आयल निगम चारआलीका प्रमुख भीम विश्वकर्माले जानकारी दिए ।

गत शनिबार शिलगणैबाट झापाको चारआलीसम्म आउने ४ वटा डिजलको ट्यांकरमा मट्टितेल मिसावट गरिएको पाइएको नेपाल आयाल निगम स्रोतले जनाएको छ ।

झापा डिपोले केन्द्रलाई ४ वटा डिजल बोकेको ट्यांकरमा तेल मिसावट पाइएको जानकारी गराएसंगै निगमले छानविन समिति गठान गरेको हो । समिति गठन गरिएको झण्डै साता बित्न लाग्दा समेत प्रतिवेदन सार्बजनिक गरिएको छैन । एउटा ट्यांकरमा २० हजार लिटर डिजल हुन्छ । चारवटा ट्याङ्करमा ल्याइएको डिजेल ८० हजार लिटर हुन्छ । सबै डिजलमा मिसावटको शंकापछि प्रारम्भिक जाँचको प्रक्रिया अघि बढाइएको हो ।

चारआली डिपोमा डिजेलको प्रारम्भीक परीक्षण गर्दा शंकास्पद देखिएपछि केन्द्रलाई खवर गरिएको बताइएको छ । 'शुरुमा डेन्सिटी मात्रै हेरिएको छ निगमका चारआली शाखा प्रमुख विश्वकर्माले भने- पक्का मिसावट भन्ने शंका लागेरै थप परीक्षणका लागि नमूना पठाइएको हो । स्रोतका अनुसार यसमा भारतमा पाउने सस्तो कोटाको मट्टितेल मिसाइएको छ । चालकहरुको मिलेमतोमा यस्तो गरेको आशंकामा जाँच भइरहेको निगम श्रोतले जनाएको छ । 'शिलगढीबाट झापासम्म आइपुग्दा ३५ किलोमिटर भारतपट्टि रहेको र नेपालतर्फ भने जम्मा १५ किलोमिटर रहेकाले भारतमा नै चालकहरुले यस्तो गरेको हुनसक्छ स्रोतले भन्यो । यसको छानविन गर्न न्यौपानेको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गरिएको हो ।

डिजेल दमकस्थित माता पाथीभरा, नवदुर्गा, गीता आयल र पशुपति आयलका लागि ल्याइएको बताइएको छ । पेट्रोलियम पदार्थ आयातका लागि प्रयोग गरिएका ट्याङ्करका चालक बिक्रम राई, रफिल भट्टराई, डिल्लीराम हुमागाँई र बिनोद भट्टराई चालक हुन् ।

(बाँकी अन्तिम पृष्ठमा)

एमाले जिल्ला उपसचिव श्रेष्ठसहितका नेताले छाडे पार्टी

झापा, फागुन १५। नेकपा एमालेमा सत्ता र गुट स्वार्थ हाबी बढेको भन्दै एमालेकी झापा जिल्ला उपसचिव चन्द्रमाया श्रेष्ठसहित पाँच जनाले पार्टीबाट सामुहिक राजीनामा दिएका छन् ।

झापाको भद्रपुरमा शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै भद्रपुर नगरपालिकाकी निवर्तमान उपप्रमुख समेत रहेकी श्रेष्ठ, एमाले कोशी प्रदेश कमिटी सदस्य पदम थापा, झापा क्षेत्र नम्बर ३ का सदस्य सज्जाद आलम, एमाले बाह्रदशी गाउँपालिका सदस्य हवालोद्दिन मियाँ र बाह्रदशी सचिवालय सदस्य रहिम मियाँले सामुहिक रुपमा पार्टीबाट राजीनामा दिएका हुन् ।

भद्रपुर-८ निवासी श्रेष्ठले एमालेमा लागेको ३० वर्ष लामो यात्रालाई टुङ्गाएको बताएकी छिन् । 'पार्टीका नेताहरूमा आफूलाई राजा, महाराजा, शासक ठान्ने संस्कार संस्कृति देखियो'- उनले भनिन्- 'नेतृत्वमा देवत्वकरण हुन थाल्यो, आफूलाई अन्धाधुन्ध समर्थन गर्ने कार्यकर्ताहरूलाई काखी च्याप्ने र ठीकलाई ठीक, बेठीकलाई बेठीक भन्ने तथ्यबाट सत्य खोज्ने र हरेक घटना र परिवेशलाई द्वन्द्वात्मक भौतिकवादी ढंगले विश्लेषण गर्ने कार्यकर्ताहरू भेदभाव र पक्षपातको शिकार बन्न थालेकोले पार्टीमा बसिराख्नु उचित देखिन् ।'

समाजमा अन्याय र विभेदबिरुद्ध लड्ने एमाले पार्टीमा हामी जस्ता कार्यकर्ताहरू नै अन्याय र भेदभावबाट प्रताडित भइरहँदा समेत अन्तर पार्टी संघर्ष गर्दै पार्टीलाई एकताबद्ध बनाई राख्न र यसमा देखिएका विकृति, विसङ्गति अन्त्य गर्न निरन्तर रुपमा हामी लागीपरेको बताउँदै उनले भनिन्- 'हुँदाहुँदा आज आएर पार्टीमा रहेर टेक्ने ठाउँ र सुधारका प्रयत्न गर्ने आधारहरू समेत समाप्त पार्ने प्रयास भइसकेको छ ।' अब पार्टीबाट अलग भई स्वतन्त्र बस्ने उनको भनाइ छ ।

पार्टी नेतृत्वको दम्भ, घमण्ड र अंहकारको कारण म मात्र नभई अब बिस्तारै झापाबाट अधिकांश कार्यकर्ताहरूले क्रमशः पार्टी छाड्दै जाने उनको दावी छ । त्यस्तै प्रदेश कमिटी सदस्य तथा बाह्रदशी गाउँपालिकी थापाले पार्टीलाई केही सिण्डिकेट र ठेकेदारले कब्जामा लिएर चलाएकोले त्यस्तो पार्टीमा बस्नु उचित नदेखिएको बताए । रातलाई रात भन्न नसकेर दिन भन्ने जस्तो परिपाटी एमालेमा मौलाउँदै गएको उनको भनाइ छ ।

यता उनीहरूले सामुहिक राजीनामा दिँदै जारी गरिएको प्रेस विज्ञप्तिमा पार्टीप्रति १८ बुँदे असहमति उल्लेख गरेको छ । सो विज्ञप्तिमा भनिएको छ, २०६२।०६३ सालमा निरङ्कुश राजतन्त्र विरोधी आन्दोलनको अगुवाइ गर्ने पार्टी (नेकपा एमाले) राजावादी शक्ति (राप्रपा) सँग निरन्तर रुपमा तालमेल गर्दै अघि बढेको र झापा ३मा नेकपा एमालेलाई कमजोर बनाएको, राप्रपाको आलोचना गर्ने नेता कार्यकर्ताहरूको चरित्र हत्या गर्ने तर निर्वाचन अभियानको क्रममा एमाले कार्यकर्ताहरूले भोग्नुपरेको अपमान, राप्रपाको निगरानी र एमाले कार्यकर्तालाई राप्रपामा प्रवेशसम्म गराउने राजनीतिक घटनको नेतृत्वले बेवास्ता गरेको, पार्टीमा केही कार्यकताहरुलाई पार्टी नेतृत्वले प्रोत्साहन दिएको, उनीहरूले पार्टी नेतृत्वलाई जे सुनायो त्यसैमा विश्वास गर्ने पार्टी सम्बद्ध विभिन्न इस्युहरुमा आम कार्यकर्ताहरूको यथार्थ भावनालाई पार्टी नेतृत्वले बेवास्ता गरी पक्षपात र भेदभाव पूर्ण निर्णय गर्ने गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

त्यस्तै पार्टीभित्र काखा पाखा गर्ने परि पार्टीको अन्त्य तत्काल गर्न माग गर्दै योग्यता, क्षमता, योगदान र सिद्धान्त निष्ठ नेता कार्यकर्ताहरूलाई एकताबद्ध बनाई सुदृढ पार्टी सङ्गठन निर्माणमा केन्द्रीय तथा जिल्ला कमिटि नेतृत्वको गम्भीर ध्यान आकर्षण गर्दा पनि उहाँहरूले उक्त कुराहरूको कुनै पर्वाह नगरेको, पार्टीभित्र पार्टी नेतृत्वको आशीर्वाद र संरक्षण निर्णायक बनेको र ठीकलाई ठीक र बेठीकलाई बेठीक भन्ने परिवेश पार्टीमा नरहेको, अब पार्टीमा

(बाँकी अन्तिम पृष्ठमा)

अर्जुनधारामा प्रभावकारी बन्दै 'खायन आलु उत्पादन'

अर्जुनधारा, फागुन १५। कृषकहरुलाई प्रविधिमैत्री बनाउँदै उत्पादनमा वृद्धि गर्ने उद्देश्यले झापाको अर्जुनधारा नगरपालिकामा यस आर्थिक वर्षदेखि शुरु भएको 'खायन आलु उत्पादन कार्यक्रम' प्रभावकारी बन्दै गएको छ ।

कृषकहरुसँग ५०-५० प्रतिशत साझेदारीमा सञ्चालन भएको उक्त कार्यक्रमको लागि चालू आर्थिक वर्ष ०७९/०८०मा संघीय सशर्त अनुदानबाट १५ लाख रुपैयाँ बजेट बिनियोजन भएको कृषि विकास शाखाकी प्रमुख एञ्जिला बेडारीले जानकारी दिइन् ।

गत साउनदेखि शुरु भएको उक्त कार्यक्रमको लागि भदौमा जारी गरिएको सूचनामार्फत कृषक समूहहरुबाट प्राप्त भएको मागको आधारमा कार्यक्रम सञ्चालन गरिएको हो । शाखा प्रमुख बेडारीका अनुसार कार्यक्रमको प्रथम चरण अन्तर्गत मंसीरमा ११ लाख बराबरको लालगुलाब, कार्डिनल र एनएमएस जातका आलुका बीऊहरु २१ वटा कृषक समूहलाई वितरण गरिएको थियो ।

प्रथम चरणमा बीऊ वितरण गरेको शाखाले कृषकहरुलाई दोस्रो चरणमा दुई लाख रुपैयाँ बराबरको विषादि निःशुल्क वितरण गरेको थियो । यसैबीच शाखाले तेस्रो चरणमा कृषक समूहहरुलाई कृषियन्त्र वितरण गरेको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

टेलिभिजनमा अब आलाकार्ट

काठमाडौं, फागुन १५। सरकारले टेलिभिजन च्यानलहरुको वितरणमा आलाकार्ट लागू गर्ने तयारी अन्तिम चरणमा पुग्याएको छ ।

सञ्चार तथा सूचना तथा प्रविधि मन्त्रालयमा यसबारे प्रस्ताव तयार भइसकेको र केही दिनमै मन्त्रीस्तरीय निर्णयबाट पारित गरिने स्रोतले बतायो । टेलिभिजन हेर्ने दर्शकहरूलाई सहुलियत दिन र इन्टरनेट सेवाप्रदायकको मनपरी रोक्न आलाकार्ट प्रणाली लागू गर्न लागिएको हो । यस अनुसार आफूले हेर्ने टीभी च्यानलको संख्याका आधारमा शुल्क तिर्न सकिनेछ । दर्शकरले आफ्नो रोजाईका च्यानल मात्रै खरिद गर्न र सीमित शुल्क तिर्न सक्ने गरी व्यवस्था मिलाईदैछ ।

अहिले तयार गरिएको प्रस्तावमा टीभी च्यानल खरिदका लागि आधारभूत २५० रुपैयाँ र अधिकतम

न्यूनतम मासिक २५० र अधिकतम् ५०० रुपैयाँ शुल्क निर्धारण

५०० रुपैयाँ शुल्क तय गरिएको मन्त्रालय स्रोतले बतायो । सिग्नल वितरकले प्रत्येक उपभोक्ताबाट न्यूनतम् मासिक २५० रुपैयाँ असुल गर्न सक्छन् । अधिकतम च्यानल खरिद गर्ने उपभोक्ताले मासिक ५०० रुपैयाँ तिर्नुपर्ने हुन्छ ।

प्रस्तावको मस्यौदामा दूरसञ्चार ऐनअनुसार दिइने इन्टरनेट सेवा र राष्ट्रिय प्रशारण ऐन अनुसार दिइने प्रशारण सेवालाई बण्डलिङ गर्न नपाइने स्पष्ट प्रावधान राखिएको छ ।

इन्टरनेट सेवा प्रदायकहरुले प्रशारण सेवालाई पनि एकसाथ बण्डलिङ गरेर बेच्ने गरेकोमा त्यसलाई रोक्न लागिएको हो । दूरसञ्चार प्राधिकरणले पनि बेलाबेला सूचना निकालेर यसरी बन्डलिङ नगर्न निर्देशन दिँदै आएको छ ।

हाल नेपालमा डीटीएच, केवल, आइपीटीभी, एमएमडीएस, डीटीटीभी लगायतका विभिन्न वितरण प्रणालीमार्फत नेपाली सिग्नल वितरक (प्रशारक) हरुले स्वदेशी टेलिभिजन र विभिन्न स-शुल्क विदेशी टेलिभिजन च्यानलहरू उपभोक्तालाई वितरण गर्दै आइरहेका छन् । सो बापत उपभोक्ताहरूले नेपाली सिग्नल वितरकलाई मासिक शुल्क तिर्नुपर्छ ।

अहिले नेपालमा सिग्नल वितरणको अनुमतिपत्रप्राप्त संस्थाहरुले स्वदेशी टेलिभिजनहरू

(बाँकी अन्तिम पृष्ठमा)

गर्भवती हत्या अभियुक्तलाई कैद

झापा, फागुन १५। गर्भवतीको हत्या गरेको आरोप लागेका नन्दी मण्डललाई तीन वर्षको कैद सजाय सुनाइएको छ ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द्र इङ्नामको इजलासले सुनुवाई गर्दै मण्डललाई तीन वर्ष कैद सजायको फैसला गरेको अदालतका सूचना अधिकारी भरतमणि पोखरेलले जानकारी दिए ।

हत्याको आरोप लागेका मृतकका देवर राजविराज नगरपालिका-१५ मुसहर्नियाका मुर्जा भनिने पञ्चदेव साह र निजकी श्रीमती प्रमिलादेवीलाई वि.सं. २०७८ भदौ २७मा जन्मकैद सजाय भएको थियो । साथै प्रमिलाका दाजु डाक्नेश्वरी नगरपालिका-७ ब्रह्मपुरका सत्यनारायण साहलाई तीन वर्ष कैद सजायको फैसला भएको थियो । अदालतले गत कात्तिक १६ गते हाजिर भई पुर्पक्षका लागि थुनामा रहेका सोही ठाउँका ताराचन्द्र साह र कात्तिक २७मा अदालतमा हाजिर भई थुनामा रहेका सोही ठाउँका गोपीचन्द्र साहलाई भने सफाइ दिएको छ ।

राजविराज नगरपालिका-१५ मुसहर्नियाकी २४ वर्षीया बेचनीदेवी साहको हत्या आरोपमा पञ्चदेवसहित

(बाँकी अन्तिम पृष्ठमा)

पाथीभरा पदमार्ग : 'डस्टबिन' रित्तो, छेउमा फोहरको थुप्रो

ताप्लेजुङ, फागुन १५। पाथीभरा मन्दिर जाने पदमार्गको फोहर व्यवस्थापनका लागि बुधबार 'हाम्रो अभियान नेपाल' सहितका छ संस्थाले पदमार्गका विभिन्न क्षेत्रमा डस्टबिन राखेका छन् ।

यसअघि पाथीभरा क्षेत्र विकास समिति, नेपाल टेलिकमलगायत संस्थाले पदमार्गमा दर्जनौं थान डस्टबिन राखेका थिए । तर फोहरजन्यवस्तु डस्टबिनभन्दा बाहिर यत्रतत्र छरिएको अवस्थामा देखिन्छन् । विभिन्न खानेकुरा, पेयपदार्थका खोल, बोतल तथा मोजालगायत फोहरजन्यवस्तु पदमार्गको आसपासमा फालिएका पाइन्छन् ।

पदमार्गमा यसरी फोहर बढ्नुमा पाथीभरा दर्शन र सो क्षेत्रमा घुमघामका लागि आउने पर्यटकको लापरबाही प्रमुख कारण भएको सामाजिक अभियन्ता रमेश दाहालले बताए । नजिकै डस्टबिन हुँदाहुँदै बाटोमा खानेकुरा र पेयपदार्थका खोल तथा मोजा फालेर जथाभावी फोहर गर्ने गरेको पाइएकाले मन्दिरसँग सम्बद्ध संघ-संस्थाका साथै सरोकारवाला निकायले यस्तो कार्यमा रोक लगाउनुपर्छ- उनले भने । धार्मिक तथा पर्यटकीय क्षेत्रमा यसरी जथाभावी फोहर फाल्नाले यहाँको वातावरणका

साथै प्रकृतिमा समेत प्रतिकूल असर पुग्ने दाहालको भनाइ थियो ।

पदमार्गमा जम्मा भएको फोहरको उचितरुपमा व्यवस्थापन नभएको पाथीभरा दर्शनका लागि आउनुभएका विष्णुप्रसाद आचार्यले बताए । अन्यत्रका धार्मिक तथा पर्यटकीय क्षेत्रमा फोहर फाल्नेलाई नियम बनाएरै नियन्त्रण र नियमन गर्ने परिपाटी छ, तर यहाँ त्यस्तो केही देखिएन, यसमा सबैको ध्यान जान आवश्यक छ- उनले भने । उनका अनुसार बस्ती आसपासमा पनि घरबाट निस्कने फोहरको सङ्कलन र व्यवस्थापन नभएको देखिएको छ । यात्राका क्रममा विभिन्न ठाउँमा टिनका टुक्रा, रक्सी तथा बियरका बोतल, प्लाष्टिकजन्यवस्तु यत्रतत्र देखिएको आचार्यको भनाइ थियो । यस क्षेत्रका व्यापारले समेत जथाभावी फोहर फाल्ने गरेको उनले बताए । पाथीभरा क्षेत्रको माथिल्लो भागमा फोहर न्यून भए पनि बस्तीभन्दा तलको भागमा फोहजन्यवस्तु अत्यधिक देखिएको पाथीभरा दर्शन गरेर फकिएका एक दर्शनार्थीले बताए ।

धार्मिक तथा पर्यटकीय क्षेत्र पाथीभरा क्षेत्रमा रेडपान्डासहितका वन्यजन्तु पाइन्छन् । यसलाई लोपोन्मुख हाब्रे (रेडपान्डा) को चरन र उचित बासस्थानका रुपमा लिने गरिएको छ । यसरी यस क्षेत्रमा फोहर बढ्नुले यहाँका बोटबिरुवा र जनावरलाई नकारात्मक असर पुग्ने देखिएको सरोकारवालाले बताएका छन् । फोहरकै कारण भूमि, वायु र जल प्रदूषण हुने भएकाले जीवजन्तु तथा बोटबिरुवालाई असर गर्ने वातावरण संरक्षणकर्मी बताउँछन् ।

यहाँ मासुजन्य फोहरका साथै खानेकुराहरु जथाभावी फाल्दा त्यहाँ कुकुर पुग्ने र रेड पान्डा कुकुरको आक्रमणमा पर्ने खतरा बढेको हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक रमेश राईले बताए । जथाभाबी खानेकुरा र मासुजन्य फोहर फाल्दा कुकुरहरु आउने जाने र त्यो समयमा रेडपान्डा आक्रमणमा पर्ने समस्या देखिन्छ, कुकुरकै आक्रमणले पाथीभरा क्षेत्रमा रेडपान्डा मरेका घटना पनि छन्- उनले भने ।

मन्दिरमा बलि दिएर ल्याइएको पाठापाठीको मासुबीच बाटोमै खाने, सफा नगरी छोड्ने गर्नाले भुस्याहा कुकुरहरु आउने र रेडपान्डालाई आक्रमण गर्ने गरेको राईले बताउनुभयो । यस क्षेत्रका व्यवसायीले जथाभावी कुकुर पाल्न नहुने तथा फोहर पनि व्यवस्थित तरिकाले सङ्कलन गर्नुपर्ने उनको भनाइ थियो ।

कुहिने र प्लास्टिकजन्य वस्तुले माटो प्रदूषण भई हानिकारक रसायन निस्कने, हावामा हानिकारक ग्यास फैलने तथा पानीका स्रोतसमेत फोहर हुने भएकाले

(बाँकी अन्तिम पृष्ठमा)

इनरवील क्लब अर्जुनधाराको पदस्थापन

अर्जुनधारा, फागुन १५। मानवीय सेवा तथा सामाजिक कार्य गर्ने उद्देश्यले गत जनवरी १मा स्थापना भएको इनरवील क्लब अफ अर्जुनधाराको पद हस्तान्तरण कार्यक्रम शुक्रबार सम्पन्न भएको छ ।

मातृसंस्था इनरवील क्लब अफ बिर्तामोड मिडटाउनकी अध्यक्ष सम्झना भण्डारीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि इनरवील क्लब झापाकी अध्यक्ष सीमा झाले उद्घाटन गरेकी थिइन् ।

कार्यक्रममा प्रमुख अतिथि झाले नवनिर्वाचित अध्यक्ष सुनिता प्रसाईं खरेललाई गोम ग्याबल र प्रमाण-पत्र हस्तान्तरण गर्दै पद हस्तान्तरण गरेकी थिइन् ।

नवनिर्वाचित अध्यक्ष खरेलको व्यक्ति परिचय सदस्य मुना पौडेलले गरेको कार्यक्रममा अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङ, झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रशान्त भण्डारी, अर्जुनधारा प्रेस क्लबका संस्थापक अध्यक्ष कुमार भट्टराई, वीरता लेडी जेसीजकी अध्यक्ष संगिता गिरीलगायतले मन्तव्य राखेका थिए ।

इनरवील क्लब झापाकी सचिव टुना थापाले इनरवील प्रार्थना गरेको कार्यक्रममा नवनित एकाडेमीका छात्राहरुले स्वागत नृत्य प्रस्तुत गरेका थिए । क्लबकी उपाध्यक्ष पूर्णिमा सिटौलाले धन्यवाद ज्ञापन गरेको उक्त कार्यक्रमको सञ्चालन सदस्य मेनुका

छठ समाजको होली मिलन

झापा, फागुन १५। छठ समाज सेवा समिति बिर्तामोडको १४ औं वार्षिक साधारणसभा सम्पन्न सम्पन्न भएको छ ।

प्रदेशसभा सदस्य एकराज कार्कीको प्रमुख आतिथ्यमा भएको सभामा संस्थाका महासचिव मनोज रौनियार र वरिष्ठ सदस्य वरुणकुमार जयसवाललाई सम्मान गरिएको छ भने सञ्चारकर्मी तुलसी निरौलालाई समेत सम्मानित गरिएको थियो ।

संस्थाका अध्यक्ष राजकुमार गुप्ताले संस्थागत प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा आर्थिक प्रतिवेदन कोषाध्यक्ष दीलिप दासले प्रस्तुत गरेका थिए ।

कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश सिवाकोटी, वरिष्ठ उपाध्यक्ष राजु न्यौपाने, पूर्वअध्यक्ष बलराम कार्की, नेकपा एमाले बिर्तामोड नगर अध्यक्ष सुवाश भट्टराई, राप्रपाकी नेतृ रञ्जु प्याकुरेल, नेपाली कांग्रेसका नेता भगिरथ पोद्दार, दीपक तामाङ लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

छठ समाज सेवा समिति बिर्तामोडकी उपाध्यक्ष संगीता रौनियारले कार्यक्रममा स्वागत गरेकी थिइन् । यसैबीच समाजले होली मिलन समारोह समेत सम्पन्न गरेको छ ।

'छड्के २' र 'छक्का पञ्जा ४' मैदानमा

शुक्रबारबाट दुई ठूला फिल्म 'छड्के २' र 'छक्का पञ्जा ४' प्रदर्शनका लागि एकसाथ मैदानमा उत्रिएका छन् ।

सम्भवत: यो विगत ५/७ वर्षयताकै 'हेभीवेट' भिडन्त हो । किनकि, 'छड्के २'मा हिट मेशिन मानिने अनमोल केसीको मुख्य भूमिका छ भने 'छक्का पञ्जा ४' आफैंमा ब्रान्ड फिल्म हो । दुई दिनसम्म होली विदा र नारी दिवसको विदा छोप्न यी दुई फिल्म भिड्न पुगेका हुन् ।

व्यापारमा 'छड्के २'भन्दा 'छक्का पञ्जा ४' माथि हुने स्पष्ट छ । किनभने, यसका अघिल्ला तीन सिरिजले घरेलू बजारमा 'रेकर्ड ब्रेक' कमाई गरेका थिए । यो फिल्मको नामले नै दर्शकलाई हलसम्म तान्छ । तर, यसपटक अघिल्ला श्रृंखलाभैं दर्शकमा खासै उत्साह देखिएको छैन ।

मल्टीप्लेक्सहरुमा उच्च शोजका बाजवूद पनि बुकिङ सुखद नहुनुले बम्पर ओपनिङको सम्भावना न्यून देखिन्छ ।

हुन त 'छड्के २'को पनि बुकिङ राम्रो छैन । प्राय: मल्टीप्लेक्सहरुमा ४० प्रतिशत शो ओगटेको फिल्मको बुकिङ हेर्दा अनमोलको करिअरकै कमजोर ओपनिङ गर्ने फिल्म बन्ने देखिन्छ ।



प्रचार राम्रोसँग नहुनु र ट्रेलरबाहेकका कन्टेन्ट प्रभावशाली नहुनुले पनि फिल्मप्रति दर्शकको रुचि नदेखिएको हो । यो अवस्थामा दुवै फिल्मलाई दर्शकको भीड तान्न बलियो 'वर्ड अफ माउथ' चाहिनेछ ।

ग्याडस्टर जनरामा निर्माण भएको 'छड्के २' लाई निगम श्रेष्ठले लेखन तथा निर्देशन गरेका हुन् । फिल्ममा अनमोलका साथै रोविन तामाङ, कमलमणि नेपाल, देवकुमार श्रेष्ठ, सिर्जना सुब्बा, देवु श्रेष्ठ, रेशा आले मगर, इयान स्कट क्लेमेन्ट, सन्तोष मिजार, अफरान अलि, निगम श्रेष्ठ, चिरञ्जीवी अधिकारी, कुमार घलानको पनि अभियन छ । प्रशान्त गिरी र देवकुमार श्रेष्ठ फिल्मका निर्माता हुन् ।

त्यस्तै, हेमराज विसीले निर्देशन गरेको 'छक्का पञ्जा ४'मा दीपकराज गिरी, दीपाश्री निरौला, केदार प्रसाद घिमिरे, नीर शाह, निर्मल शर्मा, बेनिशा हमाल, मलिना जोशी, बुद्धि तामाङ, राज आचार्य, सुष्मा निरौला, वेदना राई, मलिना जोशी, सविन बाँस्तोला, रमेश बुढाथोकीलगायतको अभिनय छ । नरेन्द्र मैनालीको छायांकन रहेको फिल्ममा दीपकराज स्वयम्को कथा, पटकथा तथा संवाद छ ।

टेलिभिजन...

र विभिन्न स-शुल्क विदेशी टेलिभिजन च्यानलहरूलाई एकमुष्ट रुपमा उपभोक्तालाई प्रसारण गर्दै विदेशी टेलिभिजन च्यानलहरूलाई शुल्क बुझाउने गरिएको छ ।

हाल नेपालमा डीटीएच, केवल, एमएसओ, आइपीटीभी, एमएमडीएस, डीटीटीभी आदिले डिजिटल टेलिभिजन ट्रान्समिसन प्रणालीमार्फत सिग्नल वितरण गर्दै आइरहेका छन् । स्वदेशी टेलिभिजनहरू र विभिन्न स-शुल्क विदेशी टेलिभिजन च्यानलहरूलाई डिजिटल प्रणालीमा रूपान्तरण गरी Encryption समेत गरेर प्रशारण गरिन्छ । उपभोक्ताले सेवा प्रदायकसँग सेट टप बक्स खरिद गरी मासिक शुल्क तिरेर मात्र टेलिभिजन सिग्नल हेर्न सकिने गरी प्राविधिक व्यवस्था गरिएको हुन्छ ।

हाल सञ्चालनमा रहेका डीटीएच, केवल, एमएसओ, आइपीटीभी, एमएमडीएस, डीटीटीभी आदि सिग्नल वितरकले जडान गरेको प्रसारण केन्द्रमा डिजिटल हेडइन्ड राखिएको हुन्छ, जसमा प्रत्येक उपभोक्ताहरूलाई कुने निश्चित टेलिभिजन हेर्न अनुमति दिने वा नदिने भन्ने नियन्त्रण गर्ने प्रणाली जडान गरिएको हुन्छ ।

यसलाई Conditional Access System भनिन्छ । त्यस्तै डिजिटल हेडइन्डमा रहेका सम्पूर्ण हार्डवेयर, सफ्टवेयर तथा CAS सँग इन्टिग्रेट गरी ग्राहक व्यवस्थापन प्रणाली (एसएमएस) सर्भर समेत जडान गरिएको हुन्छ । यसमा ग्राहकदेखि टीभी च्यानल प्याकेज सबैको विवरण राखिएको हुन्छ ।

के हो आलाकार्ट ?

आलाकार्ट भन्नाले 'एकर्डिङ टु द कार्ड' भन्ने बुझिन्छ । यो फ्रेन्च भाषाको शब्द हो र हाल विश्वव्यापी प्रयोगमा छ । विगतमा यो शब्द रेस्टुरेन्ट तथा होटलमा उपभोक्ताले खाने वा पिउने कुरा तथा अन्य सेवा-सुविधाहरुको छनोट गर्न प्रयोगमा ल्याएको देखिन्छ ।

डिजिटल टेलिभिजन वितरण प्रणालीको सन्दर्भमा आलाकार्ट भन्नाले उपभोक्ताहरुले उपलब्ध टेलिभिजनका सूची तथा प्याकेजहरूबाट आफूले चाहेको बखतमा चाहेजस्तो टेलिभिजन कार्यक्रम वा च्यानल हेर्ने प्राविधिक प्रबन्धसहितको व्यवस्थालाई बुझाउँछ । यसमा उपभोक्ताले आफ्नो रोजाइका टेलिभिजन च्यानल वा च्यानलको प्याकेज छनौट गर्न पाउँछन् र सोही बमोजिम मात्र शुल्क तिर्ने गर्दछन् ।

यस अनुसार थोरै च्यानल हेर्ने उपभोक्ताले थोरै मात्र शुल्क तिरे पुग्छ भने धेरै च्यानल हेर्ने उपभोक्ताले धेरै शुल्क तिर्नुपर्ने हुन्छ । अहिले उपभोक्तासँग सम्पूर्ण टेलिभिजन च्यानलहरूको शुल्क उठाउने गरिएको छ, चाहे उनीहरुले हेरुन् वा नहेरुन् । यसबाट थोरै संख्यामा टेलिभिजन च्यानल हेर्ने उपभोक्ताहरुको प्रत्यक्ष शोषण हुँदै आएको छ ।

त्यस्तै नेपालमा विदेशी सशुल्क टिभी वा च्यानलहरुले नेपाली सिग्नल वितरकहरूसँग हचुवाको भरमा शुल्क असुल्दै आएका छन् । यस्तो प्रवृत्तिका कारण नेपाली सिग्नल वितरकहरूले केही विदेशी च्यानलहरू बन्दसमेत गरेको अवस्था छ । विदेशी सशुल्क च्यानलहरूको शोषणका कारण स्वदेशी सिग्नल वितरक संस्थाहरू धराशायी हुने अवस्था आएको व्यवसायी बताउँछन् । यसको प्रत्यक्ष मारमा आम उपभोक्ताहरू समेत पर्न गएका छन् ।

अलाकार्ट लागू गरिएको खण्डमा उपभोक्तालाई मात्र नभएर सिग्नल वितरकलाई पनि राहत मिल्ने सरकारको अपेक्षा छ । टेलिभिजन च्यानलहरू हेरेको आधारमा मात्र सशुल्क टिभीका च्यानल प्रदायकहरूलाई नेपाली वितरकहरूले शुल्क तिर्न पाउने छन् । यसले उपभोक्ताबाट असुल्ने शुल्क र विदेशी च्यानलहरूलाई भुक्तानी गरिने शुल्क पनि पारदर्शी र व्यवस्थित हुने विश्वास लिइएको छ । 'यसबाट आम उपभोक्ता, नेपाली सिग्नल वितरक र प्रसारकलाई राहत पुग्नुको साथै विदेशी मुद्राको भुक्तानीको लागि वैज्ञानिक आधारसमेत तय हुन्छ'- सञ्चार मन्त्रालयका एक अधिकारी भन्छन् ।

यस्तो छ विद्यमान प्रणाली

हाल नेपालमा राष्ट्रिय प्रशारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली-२०५२ अनुसार टेलिभिजन च्यानल वितरणको अनुमतिपत्र दिने गरिएको छ । यस्तो अनुमति लिएका सेवा प्रदायकहरुले उपभोक्ताबाट मासिक रूपमा शुल्क उठाउने गर्छन् । यसरी लिइँदै आएको शुल्क मासिक रु. ३५० देखि रु. ११०० सम्म भएको पाइन्छ ।

नेपालमा क्लीन फिड नीति-२०७३ लागु भएपश्चात विज्ञापनरहित विदेशी टेलिभिजन च्यानलहरुमात्र प्रसारण गर्न पाइने कानून व्यवस्था छ । त्यसैले अहिले न्यून संख्यामा (करिब १०० को हाराहारीमा) विदेशी टेलिभिजन च्यानलहरुले डाउनलिंक अनुमति प्राप्त गरी प्रसारण भइरहेका छन् । तीनै सीमित विदेशी टेलिभिजन च्यानलहरूका विभिन्न प्याकेजहरू बनाई उपभोक्तासँग चर्को शुल्क असुलिएको देखिन्छ ।

अर्कोतिर दूरसञ्चार ऐन, २०५३ तथा दूरसञ्चार नियमावली, २०५४ अनुसार इन्टरनेट सेवा प्रदायकको अनुमतिपत्र प्राप्त संस्था (आइएसपी) हरुले इन्टरनेटसँग बण्डलिङ गरी टेलिभिजन च्यानलहरुको प्याकेज समेत राखेर उपभोक्तासँग शुल्क असुल्ने गरेका छन् ।

जबकी नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले उनीहरुलाई दूरसञ्चार ऐन, २०५३ को दफा ४२ बमोजिम इन्टरनेट सेवा मात्र सञ्चालन गर्न अनुमति दिएका हुन् । इन्टरनेट सेवासँग बण्डलिङ गरी अन्य सेवाहरु प्रदान नगर्न प्राधिकरणले पटक-पटक लिखित निर्देशन दिए पनि उनीहरुले अटेर गरिरहेका छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणका एक अधिकारीका अनुसार इन्टरनेट सेवा उपभोग गर्दा अन्तर्राष्ट्रिय व्यान्डविथको प्रयोग हुन्छ जुन आइएसपीले विदेशी संस्थासँग प्रतिएमबीपीएस मासिक २-३ अमेरिकी डलरमा खरिद गरेका हुन्छन् । यसैलाई इन्टरनेट सेवा भन्ने गरिएको हो । ती अधिकारीका अनुसारनेपालमा आइपीटीभीको अनुमतिप्राप्त संस्थाले आफ्नै डिजिटल हेडइन्ड स्थापना गरी उक्त हेडइण्डदेखि नेपाली उपभोक्ताहरुको घरघरसम्म अप्टिकल फाइबर केबलमार्फत टेलिभिजन सिग्नल वितरण गर्दै आएका छन् । यो इन्टरनेट नभएर लोकल इन्ट्रानेट हो । यस्तो लोकल इन्ट्रानेट प्रयोग गरेवापत अन्तर्राष्ट्रिय ब्यान्डविथको शुल्क विदेशी ब्यान्डविथ प्रदायकलाई तिर्नु वा बुझाउनुपर्दैन ।

अहिले इन्टरनेट र टेलिभिजन च्यानलको बन्डलिङ गरी आइएसपीहरुले आम उपभोक्तालाई वितरण गर्ने कार्य गैरकानूनी हो । साथै १०० एमवीपीएस, १५० एमबीपीएस, २०० एमवीपीएस आदि इन्टरनेट ब्याण्डविथ प्रदान गर्ने भन्दै उपभोक्ताहरुबाट अत्यधिक शुल्क असुल्ने कार्य ठगी भएको ती अधिकारीको भनाइ छ ।

यसमा नियामक निकायहरु सञ्चार मन्त्रालय, सूचना विभाग र नेपाल दूरसञ्चार प्राधिकरणले तुरुन्त हस्तक्षेप गरी कानूनी दायरामा ल्याउनुपर्ने उनले बताए ।

यसरी हेर्दा इन्टरनेटका नाममा उपभोक्ताबाट चर्को शुल्क असुली भइरहेको छ । सञ्चार मन्त्रालयका एक पदाधिकारीका अनुसार टेलिभिजन प्रसारण सेवा र इन्टरनेट सेवा अलग-अलग कानूनी व्यवस्था अन्तर्गत दर्ता भई अलग-अलग निकायबाट नियमन हुँदै आएका छन् । त्यसैले कुनै पनि सेवा प्रदायकले टेलिभिजन प्रसारण सेवा र इन्टरनेट सेवालाई बण्डलिङ गरी बिक्री-वितरण गर्न कानूनी रूपमा नै मिल्दैन ।

अनुमतिपत्रको अधिनमा रही आइएसपीहरुले इन्टरनेट सेवा प्रदान गर्नुपर्ने तथा आइपीटीभीको सिग्नल वितरकहरूले टेलिभिजन मात्र प्रसारण गर्नुपर्ने र सोही बमोजिम उपभोक्ताबाट छुट्टाछुट्टै शुल्क लिई सोको लगत समेत छुट्टाछुट्टै राख्नुपर्ने उनले बताए ।

एक फरक प्रसंगमा ती पदाधिकारीले आइपीटीभीका सिग्नल वितरकहरूले युट्यूब, नेटफ्लिक्स, अमाजोन, विभिन्न ओटीटी एप्सजस्ता भिडियो स्ट्रिमिङ प्लेटफर्महरुको प्रयोग गरी इन्टरनेट सामग्री प्रशारण गर्ने कार्य पनि गैरकानूनी भएको बताए ।

अर्जुनधारामा ...

अर्जुनधारा नगरपालिका कार्यालयको प्राङ्गणमा शुक्रबार आयोजित कार्यक्रममा ११ वटा कृषक समूहलाई पाँच लाख २८ हजार रुपैयाँ बराबरको वीडर (आलु र मकै गोड्ने तथा ड्याङ बनाउन मिल्ने यन्त्र) र एक लाख १७ हजार रुपैयाँ बराबरको विद्युतीय स्प्रे-वितरण गरेको थियो । नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङको अध्यक्षतामा आयोजित कार्यक्रममा नगर प्रमुख तामाङ, उपप्रमुख खड्गमाया पराजुली, प्रमुख प्रशासकीय अधिकृत गीताकुमारी राईलगायतले उक्त यन्त्रहरु हस्तान्तरण गरेका थिए । कार्यक्रमको उद्देश्यअनुसार कृषकहरुलाई आवश्यक बजेट, प्राविधिक सेवासँगै प्रविधि हस्तान्तरण गरिएको कारण कृषकहरु पनि उत्साहित भएको तथा आलु उत्पादन वृद्धि हुनेमा आफू विश्वस्त रहेको प्रमुख बेडारीले बताइन् । उनी भन्छिन्- नगरपालिकाभित्रै चिस्यान केन्द्रको निर्माण तथा सञ्चालन गर्न सक्दा कृषकहरुको लागि अझ राम्रो हुन्थ्यो ।

उक्त कार्यक्रम अन्तर्गत हालसम्म अनुमानित २० लाख रुपैयाँको कार्य सम्पन्न भएको शाखाको तथ्याङ्क छ । विनियोजन भएको कूल बजेटमध्ये अझै चार लाख २७ हजार पाँच सय रुपैयाँ बाँकी भएको हुँदा त्यसको विषयमा समूहसँग छलफल गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने उनले बताइन् ।

गर्भवती ...

राजविराज नगरपालिका-१५ मुसहर्नियाका २४ वर्षीय धर्मेन्द्र साह र ५० वर्षीय थापा भनिने जिवछनारायण साह साउन ७ गते पक्राउ परेका थिए । यस्तै प्रहरीले २०७५ साउन ९ गते प्रमिलादेवी र निजका दाजु सत्यनारायणलाई पक्राउ गरेको थियो ।

पक्राउ परेका धर्मेन्द्र र जिवछनारायणले २०७८ भदौ २७ गते अभियोगबाट सफाइ पाएका थिए । अदालतमा २०७८ पुस १९ गते हाजिर भएका जयनारायण साह सोही दिन पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा गएकामा २०७९ भदौ २९ गतेको इजलासबाट सफाइ पाएका थिए । बेचनीको शव २०७५ जेठ ३१ गते उनकै घरको शौचालयको 'सेप्टिक ट्याङ्की'मा फेला परेको थियो । गाउँमा दुर्गन्ध फैलिएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । प्रहरीको टोलीले उनको घरको उत्तरतर्फ रहेको शौचालयको सेप्टिकट्याङ्कीबाट गलेको अवस्थामा रहेको शव २०७५ असार १ गते उत्खनन् गरी निकालेको थियो । भारत पञ्जाबको जालन्धरबाट २४ वर्षपछि २०७२ असार ११ गते घर फर्केको भनिएका सूर्यनारायण साहले २०७२मा सप्तरीको छिन्नमस्ता गाउँपालिका-६ लालापट्टि खुदीभखारीकी बेचनीसँग विवाह गरेका थिए । मृतकका बुवा रामकुमार साहले जिल्ला प्रहरी कार्यालयमा मृतककी सासु ५५ वर्षीया सोमनीदेवी भनिने शोमादेवी साह, मृतकका देवर पञ्चदेव, निजकी श्रीमती प्रमिला, उनीहरूका छोरा सन्तोषविरुद्ध जिल्ला प्रहरी कार्यालयले २०७५ असार २९ गते उजुरी दर्ता गरेको थियो ।

मृतकका पति सूर्यनारायण र निजकी छोरी दुई वर्षीया प्रतिभासमेत बेपत्ता छन् । उनीहरूलाई समेत हत्या गरेर नदीमा फालेको आशङ्कामा प्रहरीले खोजी गरे पनि शव फेला परेको छैन ।

झापाका ...

उनीहरुको बयान समेत लिइसकिएको निगमका सहायक प्रवन्धक लोकमणि पौडेलले बताए

भारतबाट आयात गरिएको पेट्रोलियम पदार्थको डेन्सिटी (घनत्व) ८१०-८४५ हुनुपर्नेमा घनत्व नै फरक परेको पौडेलको भनाइ छ । पेट्रोलियम डिलर्स एशोसिएशन मेचीका अध्यक्ष नवीन कोइरालाले आफूहरु ढुवानीकर्ताको मात्रै काम गर्ने भएको र चालकको जिम्मामा लोड अनलोडको काम गरिने भएकाले त्यसको सबै हेर्ने निकाय नेपाल आयल निगम भएको बताए । पेट्रोलियम पदार्थ आयातमा आइओसीले लक लगाउँछ र एनओसीले खोल्छ यसमा बीचमा चालकले के गर्छन्, थाहा हुन्न अध्यक्ष कोइरालाले भने ।

नेपाल यातायात स्वतन्त्र मजदुर संगठन ट्याङ्कर समिति अध्यक्ष टुकप्रसाद दुलालले चालकले पीडीओको मात्रै काम गर्ने र भारतमा रहेका मुन्सीलाई नेपाल आयल निगमले पठाएको प्रोडक्ट डेलिभरी अर्डर पेपर दिने र पेट्रोलियम पदार्थ लिएर आउने मात्रै काम गर्ने गरेको बताए । तर, पेट्रोलियम पदार्थको डेन्सिटीमा नै फरक परेपछि ट्याङ्कर चालक र नेपाल आयल निगम चारआली शाखा नै अनुसन्धानको घेरामा परेका छन् ।

पाथीभरा ...

व्यवस्थित रुपमा फोहर सङ्कलन गनुपर्नेमा स्थानीयवासीले जोड दिए । फोहरले वातावरण र प्रकृतिमा नकारात्मक प्रभाव पार्ने भएकाले यसको उचित व्यवस्थापन हुन नसकेको यहाँ आउने पर्यटकले गुनासो गरेका छन् । फोहरको उचित व्यवस्थापन भएमा दैनिक सयौँको सङ्ख्यामा पाथीभरा आउने धार्मिक पर्यटकलाई सहज हुने उनीहरुको भनाइ थियो ।

यहाँको फोहर व्यवस्थापनका लागि पदमार्गका विभिन्न ठाउँमा डस्टबिन राखिएको पाथीभरा क्षेत्र विकास समितिका अध्यक्ष रक्की थेबेले बताउनुभयो । ठाउँ-ठाउँमा डस्टबिन राख्ने, समय-समयमा कर्मचारी खटाई सरसफाइ गर्ने गरिएको छ । यहाँ आउने जाने तीर्थयात्रीले प्राय: डस्टबिनको प्रयोग नगरेको पाइन्छ, फोहर गर्नु हुँदैन भन्ने चेतना सबैमा हुनुपर्छ, सीमित व्यक्ति र संस्थाको मात्रै प्रयासले पुग्दैन्- उनले भने । पछिल्लो समय हिउँ परेकाले पनि फोहर उठाउन समस्या भएको अध्यक्ष थेबेको भनाइ थियो ।

वातावरणलाई स्वच्छ राख्दै पाथीभरामा आउने जाने धार्मिक पर्यटकलाई सहज बनाउने आफूहरुको प्रयास निरन्तर हुने समितिका उनले बताए । अलौकिक शक्तिपीठका रुपमा मानिने पाथीभरामा स्वदेशी र विदेशी गरी वार्षिक लाखौँको संख्यामा तीर्थयात्री आउने गरका छन् । नेपालसहित भारतका विभिन्न ठाउँबाट भक्तजनको बाक्लो उपस्थिति हुने गरेको छ । विशेषगरी दशैँको समयमा भक्तजनको भीड लाग्ने गर्दछ । माघदेखि बैशाखसम्मको समयलाई पाथीभरा आउने मुख्य यामका रुपमा लिइन्छ ।

एमाले ...

जतिसुकै योगदान गरे पनि पार्टी नेतृत्वको आर्शिवाद नहुन्जेल पार्टीभित्र कार्यकर्ताहरूको निष्पक्ष मूल्याङ्कन हुने परिवेश नरहेको, पार्टीमा फरक मत राख्ने वा नेतृत्वको कमी कमजोरी औंल्याउने कार्यकर्तालाई जिम्मेवारी नदिने प्रवृत्ति हाबी भएको र उनीहरूलाई राजनीतिक रूपले किनारा लगाइएको, पार्टी मार्क्सवादी दर्शनबाट निर्देशित हुन छोडेको आरोप लगाइएको छ ।

त्यस्तै पार्टीभित्र मजदुर, किसान र श्रमजीवी वर्गको हकहितको पक्षपोषण गर्ने कार्यदिशा कमजोर बन्दै गएको, बुर्जुवा पार्टी र नेकपा एमालेमा फरक देखिन छोडेको, पार्टी नीतिभन्दा नेता प्रधान हुँदै गएको, पार्टीमा अन्तर पार्टी लोकतन्त्रभन्दा गुटतन्त्र हाबी भएको, पार्टी एकल व्यक्तिको कम्पनी जस्तो भएको सबै कुरा पार्टी नेतृत्वको एकल निर्णयबाट चल्ने गरेको, पार्टीभित्र सामूहिक नेतृत्वको परिपाटी हराउँदै गएको, आफू जिल्ला कमिटीको उपसचिव रहे तापनि कार्यालय कमिटी र पदाधिकारी बैठकमा नबोलाई गुटगत रूपले निर्णय गर्ने गरिएको, पार्टीलाई पार्टी नेतृत्वको आशीर्वाद प्राप्त सीमित कार्यकर्ताहरूले स्वार्थपूर्ति गर्ने भाँडो मात्र बनाउन खोजेको, पार्टीभित्र दलाली र चाकडी चाप्लुसी हाबी हुँदै गएको, स्वाभिमानी कार्यकर्ताहरूलाई अपमानित र तिरस्कृत गरिएको र पार्टी कार्यकर्ताहरूलाई आलोचनात्मक चेत र क्षमता भएका ठीक बेठीक सही र गलत विश्लेषण गर्ने क्षमता भएका र उत्पादनसँग जोडेर समाजवादतर्फको समृद्धिको यात्रामा पूर्वाधार तयार गर्नुपर्नेमा नेतृत्वको जयजयकार गर्ने बनाउने कार्यकर्ता पंक्ति तयार गर्ने काम पार्टीभित्रै भइरहेको आरोप विज्ञप्ति उल्लेख छ ।

यता एमाले झापा जिल्ला कमिटीको सिफारिसमा पार्टीका उपसचिव श्रेष्ठ, प्रदेश कमिटी सदस्य थापालाई पार्टीको हित विपरीत गतिविधि गरेको आरोप लगाउँदै केही दिनअघि मात्र साधारण सदस्य समेत नरहने गरी पार्टीले निष्काशन गरिसकेको एमाले स्रोतले जनाएको छ ।

कर्मचारी आवश्यकता

यस सहकारी संस्थालाई बिर्तामोड कार्यक्षेत्रका लागि २ जना बजार प्रतिनिधि कर्मचारी आवश्यकता परेकोले इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ । थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

संयोजक : पदपूर्ति समिति

गोर्खा बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-५, झापा

फोन नं. ०२३-५९०७८९ (कार्यालय), ९८४२७६८२७४ (व्यवस्थापक)

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०५५/ ९८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

कविता

मेरो बिरामी देश

राम योञ्जन 'गाउँले'

भाइरसले आक्रान्त
मेरो बिरामी देशसँग म सन्चो हुन सकिनँ ।
चलिरहेछ रोगहरूको महाधिवेशन
आतुर छन् निकाल्न
नयाँ-नयाँ खतरनाक भेरियन्ट ओमिक्रोन झैं
याद छ उनीहरूलाई- नेतृत्व कमजोर भएको,
याद छ उस्तै- संगठन मजबुत नभएको,
हरेकलाई आभाष छ-
आफ्नो गुट नफष्टाएको तर याद छैन
मेरो देश कमजोर भएको,
मेरो राष्ट्रियता खतरामा उभिएको ।

म रोगी छु
तर पनि देशको रोगसँग लडिरहेछु !
उता फेरि झुपडीमा बसेर भोकसँग लडिरहेछु ।
हरेक महाधिवेशनबाट
नयाँ रोगहरु जन्माएर मनाइरहेछन् जन्मोत्सव
जो यहाँ बाटोसँग सम्बन्धबिच्छेद गर्छ
तर, बुर्कुसी मारेर हिँडिरहन्छ,
जो यहाँ माटोबाटै उम्रिएकाहरु
चुपचाप छन् माटोलाई
अपरिचित ट्याग झुन्ड्याएर ।

म परिचित बिरामी छु, मेरो बिरामी देशसँग ।
अब मेरो चुनौति-
तुरुन्तै रोग निकाल्नु छ यो देशबाट
र सँगसँगै भोक निकाल्नु छ यो देशबाट
यो देश डाक्टरहरुको होइन,
यो देशलाई-
हस्पिटलहरुको आफ्नो भन्न पाउने अधिकार सकियो
र यो देश न्यायालयको आफ्नो हुन सकेन ।
म थलिएको यो देशसँगै
चरम अभावसँग/आकाशिएको महङ्गीसँग,
र दुरुपयोग शक्तिको अहंकारसँग
वर्षौंदेखि सोचिएको भन्दा बढी थलिएको छु ।
बस् मै सँग मात्रै छ, मेरो बिरामी देश ।

कला

सबैका मनमा बसेका कलाकार
डेनी डेन्जोङ्गपा

भुवन तामाङ

डेनी डेन्जोङ्गपा अर्थात् डेनी कामको खोजीमा सन् १९७० तिर बम्बई पुगेका थिए । उनलाई बीआर चोपडाले आफ्नो नयाँ फिल्म धुन्दमा कलाकारित शुरु गर्न टिममा लिए । बीस-एक्काइस वर्षका ठिटो डेनीले बीआर चोपडा जस्ता अनुभवी निर्देशकको फिल्ममा खेल्न पाए । डेनीका लागि शुरुमै शुभ संकेतको घटना थियो त्यो ।

फिल्ममा डेनीले निकै राम्रो अभिनय गरेकाबारे फिल्मवृत्तमा चर्चा चल्यो । जसले गर्दा डेनी फिल्म धुन्दबाटै चर्चित भए । खासमा डेनीले सकारात्मक रोल पाएका थिए । तर, डेनीले नकारात्मक रोल रोजे जसले गर्दा चोपडा निकै आश्चर्यमा परेका थिए । रोल छोटो र नकारात्मक भए पनि प्रभावकारी हुने डेनीले ठानेका थिए । डेनीले भारतको पूणेमा फिल्मी कोर्स गर्दै थिएँ । कोर्ष पूरा गरेपछि भेट्न आउनु है भनेर चोपडाले डेनीलाई भनेका थिए । डेनी चोपडालाई भेटन गए फिल्ममा रोल पनि पाए ।

के डेनीको भाग्य अमिताभ बच्चनले काम गर्न नभ्याएका कारण चम्केको हो ? यति मात्र होइन सत्रुघ्न सिन्हाले व्यस्तताका कारण काम गर्न नभ्याएकाले पनि शुरुका दिनमा डेनीले फिल्ममा काम गर्ने मौका पाए । तर, फिल्म क्षेत्रमा यस्तो त भै नै रहने कुरा हुन् । डेनीले पनि अरु युवाहरु जस्तै लाहुरे बन्ने लक्ष्य राखेका थिए । तर, डेनीका आमाले मानिनन् । तब डेनीको भाग्यको मार्ग बद्लियो । खासमा संगीतप्रतिको रुचीले डेनीलाई पूणेको इन्स्टिच्यूटसम्म पुर्‍याएको थियो । बलिउडमा परम्परागत नायकको छविका बीच पहाडी भेग सिक्किमबाट आएका डेनी त्यतिबेला पूणे र फिल्मी दुनियाँमा अपवाद जस्तै थिए ।

डेनीको नाम कसैले पनि उच्चारण गर्न सकेनन् । डेनी जब पूणेको फिल्म इन्स्टिच्यूट पढ्न भर्ना भए, विद्यार्थी साथीहरु माझ आफ्नो नाम सेरिङ्ग फिन्सो डेन्जोङ्गपा हो भनेर बताए । तर, उनका साथीहरुले डेनीको नाम उच्चारण गर्न सकेनन् । डेनीलाई साथीहरुले अचम्मले हेरेका थिए ।

एउटा राम्रो संयोग, डेनी पढ्ने इन्स्टिच्यूटमा जया भादुरी (जया बच्चन) पनि पढ्दै थिइन् । जयाले डेनीलाई सजिलो नाम राख्न सुझाव दिइन् । डेनीले आफ्नो लामो नामबाट डेनी रोजे । यही नामबाट डेनी चर्चित भए ।

शोले फिल्म डेनीको हातबाट उम्कियो । फिल्म शोलेमा गब्बरले खेलेका रोलका लागि डेनीलाई लिन मन पराइएको थियो । वास्तवमा शोले फिल्म बन्ने बेलामा डेनीले फिरोज खानलाई फिल्म धर्मात्माका लागि डेट दिएका थिए । त्यसैले गब्बर सिंहको भूमिका अमजद खानको पोल्टामा गएको थियो । अमजद खानले जस्तै डेनीले पनि खलनायकको भूमिकामा निपुर्णता हासिल गरेका थिए । सन् १९९२ को फिल्म द्रोहीमा डेनीले राघव नाम गरेका एक खतरनाक अपराधी गुरुको भूमिका निभाएका थिए । यो फिल्म गर्दा डेनीले १९७३ मा बनेको फिल्म खून खूनको सम्झना गर्दथे । डेनीलाई देव आनन्दको फिल्म ये गुलिस्तान हमारामा अभिनय गर्ने भूमिका दिइएको थियो । पछि यो भूमिका जोनी वाकरको पोल्टामा गयो तर एसडी बर्मनले फिल्ममा जोनी वाकरको लागि डेनीलाई गीत चाहिँ गाउन लगाए । 'मेरा नाम आवो, मेरे पाश आओ...' गीतको बोल थियो । डेनी एक गायकका रुपमा पनि चिनिन सफल भए । डेनीले हिन्दी र नेपाली चलचित्रमा गीत गाएका छन् र उनले मोहम्मद रफी, किशोर कुमार, लता मंगेशकर र आशा भोसले जस्ता महसुर गायकगायीकाहरुसँग गीत गाएका छन् ।

डेनी नेपालीबीच पनि उत्तिकै लोकप्रिय छन् । सन् १९७०, ८०, ९० को दशकमा हिन्दी फिल्महरु नेपालका हलमा लाग्दा अनि जब डेनी पर्दामा आउँदा दर्शकहरु डेनी डेनी भनेर चिच्याउँथे, कराएर हल नै उचाल्थे । डेनीलाई एक साइकल, गोरुगाडा, ट्रयाक्टर र ट्रकमा रातबिरात भए पनि फिल्म हेर्न टाकिजहरुमा जान्थे । डेनीको क्रेज छुट्टै थियो । सायद डेनीमा नेपालीपन पाउँथे होलान् नेपाली दर्शकहरुले । डेनीले नेपाली नेपाल गीत गाएका छन् र नेपाली फिल्ममा अभिनय पनि गरेका छन् । डेनी नेपालीहरुबीच अहिले पनि प्रिय नै छन् ।

डेनीले फिल्महरुमा खलनायकको रुपमा प्रभुत्व नै जमाए । उनले बायोस्कोप वाला, इत्तफाक, फ्रोजन जस्ता फरक किसिमका फिल्ममा पनि काम गरे । ७० र ८० को दशकमा डेनीले हरेक ठूला नायक (मिथुन, राजेश खन्ना, धर्मेन्द्र, राजकुमार) सँग खलनायक वा साइड रोलको रुपमा काम गरे । चाहे त्यो धार्मिक आत्मा होस्, कमाण्डो होस्, नझुक्ने प्रेम होस वा जलिरहेको रेल । तर, त्यस युगका सबैभन्दा ठूला स्टार अमिताभ बच्चनसँग डेनीको वास्तविक आमनेसामने सन् १९९० मा अग्निपथमा भएको थियो । यसपछि सन १९९१ मा फिल्म हममा बख्तावरको भूमिकामा अमिताभसँग उनको टक्कर भयो । खुदा बख्शको भूमिका उनको भिलेन लुकभन्दा फरक थियो, जसका लागि उनले फिल्मफेयर अवार्ड पनि प्राप्त गरेका थिए ।

हिन्दी फिल्ममा धेरै भिलेन र क्यारेक्टर एक्टर्सले आफ्नो स्थान बनाएका छन् । तरु डेनीको सफलता निकै फरक र महत्वपूर्ण छ । भारतको पूर्वोत्तर राज्यका कुनै पनि कलाकारका लागि यो सफलता अद्वितीय छ । आज पनि उत्तरपूर्वका केही कलाकारले मात्र हिन्दी फिल्ममा स्थान बनाउन सकेका छन् । डेनीको सबैभन्दा प्रसिद्ध खलनायकी भूमिकाहरू धुन्द, ३६ घन्टे, बन्दिश, जियो और जीने दो, धर्म और कानून र अग्निपथमा छन् । उनका सबैभन्दा राम्रा ज्ञात सकारात्मक भूमिकाहरू फकिरा, चोर मचाए शोर, देवता, कालीचरण, बुलुन्डी र अधिकारमा छन् । उनको निर्देशनमा बनेको फिल्म फिर वही रात हिन्दी सिनेमाको शीर्ष पाँच उत्कृष्ट हरर सस्पेन्स फिल्ममध्ये एक मानिन्छ ।

डेनीले सन् १९७१ बाट फिल्ममा अभिनय गर्न शुरु गरे । २००४ र २००६ मा छ-छ वटा फिल्म, १९७५ र १९८३ मा नौ-नौ र १९८९ मा त १० वटासम्म फिल्म खेलेका थिए । उनले २०२२ सम्म फिल्म खेलेका छन् । उनले केही अन्तर्राष्ट्रिय चलचित्रहरूमा पनि अभिनय गरेका छन्, सबैभन्दा प्रसिद्ध तिब्बतमा सेभेन इयर्स हो जहाँ उनी ब्राड पिटसँग देखा परेका थिए ।

डेनी बाँकी जीवनमा सिक्किमको जंगलको रमणीय वातावरणमा बस्न मन पराउँछन् मुम्बईको भागमभागबाट टाढा । डेनी भन्छन्- अब जब कार आइसकेको छ, एसी आइसकेको छ, मानिसहरु टिभीको अगाडि बस्छन वा एसी कारमा यात्रा गर्छन्, तर मैले हिँडडुल गर्न छोडेको छैन । वास्तविक जीवनमा पनि म सिक्किमको जंगलमा रुखमा चढेर हिँड्छु । यो नै मेरो स्वास्थ्यको रहस्य हो । जोगारिला नामको उनको बंगला निकै प्रसिद्ध छ । उनकी जीवनसंगिनी सिक्किमकी राजकुमारी हुन् । डेनीले हाल फिल्म नगरे पनि शान्त र खुशी छन् । सायद डेनीलाई लाग्छ कि हालका दिनहरुमा डेनीका लागि सही फिल्मी भूमिका छैनन्, लेखिँदैनन् । डेनीले हालै उच्छी फिल्ममा काम गरे तर यसका लागि डेनीले धेरै कुरामा कन्भिन्स गर्नुपर्‍यो ।

सिक्किमको युकसोममा एक बौद्ध परिवारमा २५ फेब्रुअरी १९४८ मा डेनीको जन्म भएको हो । उनी एक भारतीय अभिनेता, गायक र चलचित्र निर्देशक हुन् जसले मुख्यतयाः हिन्दी र कहिलेकाहीं बङ्गाली, नेपाली र तमिल चलचित्रहरू गरि १९० भन्दा बढी चलचित्रमा अभिनय गरेका छन् । सन् २००३ मा डेनीलाई भारतको चौथो सर्वोच्च नागरिक सम्मान पद्मश्रीबाट सम्मानित गरियो । वेष्ट सपोर्टिङ्ग एक्टर, वेस्ट पर्फरमेन्स इन नेगेटिभ रोल जस्ता पुरस्कारबाट पुरस्कृत तथा सम्मानहरु गरिएका छन् ।

डेनीले बिड्ला विद्या मन्दिर नैनीतालमा स्कूलको शिक्षा पूरा गरे र १९६४ मा सेन्ट जोसेफ कलेज दार्जिलिङमा कलेजको कोर्षवर्क पूरा गरे । डेनी चित्रकार, लेखक र मूर्तिकार पनि हुन् । डेनी सबैको मनमा बस्न सफल सिने कलाकार हुन् । डेनीको कलाकारिताबाट नेपाली कलाकारहरुले धेरै कुरा सिक्न सक्छन् । *(सामग्रीहरु अध्ययनबाट)*

अनुभूति

c:ktfn / cfdf

अनिता कोइराला

कबिरसँग पनि झगडा गर्न मन लाग्यो । मेरी आमा त सुखमा निकै सुमिरण गर्थिन् अनि फेरि किन दुःख भोग्नु पऱ्यो ?

अन्नपूर्ण न्युरो अस्पताल माइतीघरको आइसीयु कक्षको ठिक्क बाहिर बिरामी कुरुवा कक्षमा बसिरहेको छु । जीवनसँग हार नमान्ने मेरी ७८ वर्षीय आमा मृत्युसँग लडिरहनुभएको छ भित्र । विभिन्न मिसिनहरूको चङ्गुलमा बेरिएर पुनः स्वास्थ हुने पूर्णविश्वासका साथ प्रत्येक पलहरूलाई कष्टपूर्ण बिताइरहनुभएको छ । सबैजनाले आमाको स्वास्थलाभको कामना गर्दै ईश्वरसँग प्रार्थना गरिरहेको आभाष मेरो अन्तरहृदयमा तरङ्गित भयो । डाक्टरहरू आफ्नो कर्तव्यप्रति दत्तचित्त भएर लागिरहेका थिए ।

म मेरी आमालाई सम्झिन्छु-

'निकै हिम्तिली र बहादुर नारी हो भन्ने कुरामा दुईमत थिएन । अघिल्लो पटक मस्तिष्कमा झड्का आएर शरीरको देब्रे पाटोलाई पक्षघात गर्दा पनि हिम्मतले दुरुस्त हुनुभएको थियो । जबसम्म आत्मशक्तिमा पक्षघात हुँदैन, तबसम्म मान्छेले यो शरीरलाई वशमा राखन सक्दो रहेछ भन्ने उदाहरण दिन सफल मेरी आमाले सायद औषधी खान भुल्नुभएछ त्यो दिन । त्यो दिन झन्डै मैले नित्शेसँग मीत लगाएको । मलाई पनि ईश्वरसँग झनक्क रिस उठेर आयो । सन्त जस्ती मेरी आमाले किन सधैं दुःख पाएको ?

दुःख सहन सक्छे भनेर दुःख मात्र मेरी आमालाई दिने ? भगवान नै छैनन् । मन नै त हो । विचारका भुल्का उठ्दै फुट्दै गरिरहन्छन् ।

फेरि अर्को मनले भन्यो- 'धन्न ईश्वर भएर त मेरी आमा आज अस्पतालमा सुरक्षित छिन् ।'

आँखा चिम्म गरेर ईश्वरलाई कति चाँडै यो मनले धन्यवाद भनि पो हाल्यो ।

ईश्वर छैन भन्दा म अशान्त भएँ । ईश्वर छन् भन्दा म शान्त भएँ । आखिर यो कस्तो भाव हो ? मेरो सानो बुद्धिले ठम्यायो । ईश्वर हुनु र नहुनुले केही फरक पार्दैन तर मन शान्त र सकारात्मक भए परम्आनन्द आउने रहेछ, यदि मन अशान्त र नकारात्मक भयो भने फसाद पर्छ । ईश्वर छ भन्नु सकारात्मक ऊर्जा आफूमा ल्याउनु जस्तै लाग्यो ।

'खाली दिमाग सैतानको घर ।'

काम थिएन विचारहरूसँग कुरा गर्न थालें ।

संसार न हो यहाँ सबै कुरा कहाँ तरल मात्र हुन्छ र ? आमाको पनि सबैसँग राम्रो सम्बन्ध हुँदाहुँदै पनि आफ्नै रगत रिस्सिएर बाक्लिएपछि कसको के लाग्छ । नशा-नशामा हरपल सलल बग्नुपर्ने प्राकृति रगतलाई बगाउन त हिजोआज औषधिको सहारा लिनु पर्छ । मेरी आमा पनि एक मुठ्ठी औषधि खान्छिन् ।

पहिलो पटक घात हुँदा पनि हात लुलो भएको थियो, बोली लर्बरायो, गोडा लुला भए तर अहँ ! मेरी आमाको हिम्मत रतिभर डग्मगाएन । यो पटक पनि मेरी आमा उठ्छिन् ! उठ्छिन् ! मलाई विश्वास थियो । विश्वास पनि अर्को औषधि रहेछ । आमाको अतीत अगाडि ठिङ्ग उभियो ।

समयका डरलाग्दा बबन्डरहरूले कैयौंपटक उडाउन खोजेको थियो । तर, आमा पीपल भएर उभिनुभयो ।

हरेक चुनौतिसँग सामना गर्दै अगाडि बढेकी मेरी आमा आफ्नै मुटुमा बग्ने रगतले दुईपटक झुक्यायो । तर, अझ पनि कमजोर हुनु भएको छैन । यस्तै सोच्दै थिएँ । अश्रुवर्षा भएको पत्तै भएन ।

आमा त्यहीं हुनुहुन्थ्यो, तर पनि आमा त्यहाँ हुनुहुन्थ्यो । मैले मेरा विचारहरूलाई नियाल्दै गएँ । स्मृतिमा आमाले बोलेको, हाँसेको, हिँडेको, खाएको मात्र समय नाचिरहेको थियो ।

आमा मुढो जसरी लडेको स्मृति आउँदै आएन । कम्तीमा राती त सुत्नु हुन्थ्यो नि आमा, त्यो पनि स्मृतिमा आएन । क्रियाशील, चेतनशील र गतिशील आमाको छवि बोलिरहृयो ।

आमा के हो, शरीर मात्र हो त ? शरीर त त्यहीं थियो । म आमाको शरीरसँग के खोजिरहेको छु । अङ्गप्रत्यङ्ग सबै त्यहीं छन् । अनुहार देखिरहेको छु । स्वास पनि चलिरहेको छ । तर पनि मेरी आमा त्यहाँ हुनुहुन्न । म आत्तिएँ ।

आबुई ! नाइँ आमा यसै गरी सुतिरहनु भयो भने ? योभन्दा बढी कल्पना गर्न सकिनँ ।

डाक्टरहरूको टोली राउन्ड गर्ने आउने समयमा म उपस्थित थिएँ । डाक्टरहरूले उहाँको आत्मबलको प्रशंसा यति मज्जाले गर्नुभयो कि भित्रभित्र आमाजस्तै हुन्छु भनेर हतारमै सङ्कल्प गरि पो हालें । पछि पछुतो मान्नु पर्ने हो कि ?

त्यो दिन आइसीयुबाट आमालाई बाहिर वाडमा सार्ने निर्णय पनि डाक्टरले सुनाए मलाई, जुन हाम्रो लागि खुशीको खबर थियो। मस्तिष्कको नशामा सामान्य रगत जमेको र अप्रेसन नगरिकनै त्यो निको हुने अर्को आनन्दको खबर पनि तुरुन्तै डाक्टरले दिए ।

प्रायः सोच्थें, न म सुख हुँ न म दुःख हुँ । म त खाली खोक्रो मानव आकृति मात्र हुँ, जहाँ जस्तो संवेगहरू बग्न थाल्छन् म उस्तै हुन्छु । संवेगहरूले राज गर्छन् म माथि । मेरो केही अस्तित्व छैन ? भाव, चेतना, चिन्ता, चिन्तन र चित्रहरूनै सर्वोच्च हुने रहेछ । खुशी र दुःख सुदूरबाट आउने पाहुना कदापि होइन, यी त कुलजस्तै हुन भएर पनि विलुप्त । छैन भन्दा पनि छ, छ भन्दा पनि छैन । बढो अचम्मको छ मानवहृदय ।

घरबाट अस्पताल आउँदा अनेकौं संवेगहरूको नदीमा पौडिँदै थिएँ । तर, मैले मलाई आफ्नै संवेगमा बेयली खेलेको स्पष्ट देखेर खुशी भएँ । फेरि संवेग हावी भयो । संवेग त मनरूपी घोडाको लगाम रहेछ । लगाम समात्न नसक्दा घोडा त बेतोडले दौडिन्छ नि । वर्षौंदेखि यिनै संवेगरूपी घोडाले दौडाइरहेका छन् ।

अरूको व्यवहारमा निर्भर छ सुख र दुःख । गलत । सुख दुःख त मनको अवस्था, परिस्थिति, प्रसङ्गबाट सिर्जित भाव मात्र रहेछ । सुख र दुःखको अस्तित्व छैन । मेरो त छ नि तर भएर पनि खोइ चिन्न सकेको । सुख र दुःखको बोध गर्ने म खोइ कहाँ छु ? कतै म त्यो चेतना मात्र त होइन ? जसले अनुभव गर्छ । मैले मलाई मभित्र नै भेटाउन सकिनँ । झलक्क सोचें अगिसम्म आमाको टाउकोको अप्रेसन गर्नुपर्छ भन्दा भक्कानिएर रोएको म एक्कैछिनमा औषधि खाँदा मात्र हुन्छ भन्दा मक्ख पर्दै हाँस्न थालें । म रोएको र हाँसेको मैले देखेर म मुस्कुराएँ ।

म डाक्टरहरूसँग भित्र गएँ ।

म टुलुटुलु मेसिनमा जकडिएको आमाको अनुहार हेर्दै थिएँ ।

आमालाई डाक्टरले मलाई देखाउँदै प्रश्न सोधे- 'आमा हजुरको कति जना छोराछोरी ?'

धोद्रो आवाजमा आमाले उत्तर दिनुभयो- 'सात वटा छोरी र एउटा छोरा ।'

डाक्टरले मलाई देखाएर भन्नुभयो- 'उहाँ कुन छोरी हो ?'

आमाले आफ्नो दाहिने हात उचाल्दै कान्छी औंला देखाउनुभयो- 'सबैभन्दा जेठी ?'

डाक्टरले पुनः सोधे । आमाले फेरि कान्छीको भारी आवाज निकाल्नु भयो ।

मेरा आँखामा आँशु भेल बनेर आउन गड्याङगुडुङ गर्दै थियो । जब आमाले मुख बाङ्गो पार्दै मलाई भन्नुभयो- 'कल्पेलाई लिएर महेन्द्रनगर जान आँटेको थिएँ, थुप्रै मान्छे थिए, म लर्डे ।'

आमाको बोली स्पष्ट थिएन ।

आँशु रोक्न हिम्मतको ठूलो बाँध लगाउँदै सोधें- 'आमा ! कसले थाहा पायो त यस्तो भा,को ?

आमाले फेरि बोल्नुभयो- 'लाःलाःला मलाई अप्ठ्यारो भयो जाओ, जाओ भने अनि । कल्पे ।'

आमाको कुरा मैले बुझिहालें ।

डाक्टरले मलाई बाहिर जाने सल्लाह दिनुभयो ।

आमालाई घरबाट खाना लिएर गएको थिएँ ।

मैले बिस्तारै भनें- 'आमा ! मलाई यहाँ बस्न दिँदैनन्, हजुरलाई नर्सले खाना खुवाइदिन्छिन् । म बाहिर बसिरहन्छु, साँझसम्म वार्डमा सार्छन् अनि जतिसुकै बेला हाम्रो भेट हुन्छ ।'

यति भनेर म बाहिर निस्कन लागेको थिएँ ।

इसाराले मलाई भन्नुभयो- 'तैले चैं के खान्छेस् ?'

कता-कता आफू निकै सम्पन्न भएको अनुभूति भयो । आमा ! आमा ! नै हो कसैसँग तुलना गर्न नमिल्ने ।

आमालाई भनें- 'मैले खाना खाएर आएको छु, खाजा पनि ल्याएको छु खान्छु ।'

अनि आमाले उज्यालो मुहार पार्दै बाहिर गएर बस भन्ने भावमा भित्रबाट बिदा दिनुभयो ।

म प्रतिक्षालयमा पुनः सोचमग्न हुँदै गएँ । दुःखमा पनि म आफूलाई भाग्यमानी ठान्न पुगें किनकि भिमानको गौरनटोलमा एक्लै भएको बेला, यो अट्याक आएको भए ? राति एक्लै सुतेको बेला भएको भए ? के आज म अन्नपूर्ण अस्पतालमा आमालाई हेर्न पाउँथें ? तीन दिनमा नै ७५% ठिक हुन लागेको आभाष पाउँथें ? नेपालकै उम्दा अस्पतालहरुमा आमाको उपचार भएकाले नै सायद हामी पुनः टुहुरा हुनबाट बच्यौं ।

ट्याक्कै एक वर्ष अगाडि पनि न्युरो अस्पताल बाँसबारीमा दाजुले छोटो समयमा चाँडो पुऱ्याउन सफल भएकाले आमाले प्यारलाइज्ड भएर बस्नु परेन । अट्याकपछि पनि आमाले निकै आनन्दमय जीवन बिताउनुभयो । निकै रमाइला धार्मिक यात्राहरू बडो फूर्तिका साथ भ्रमण गर्नुभयो ।

जुन उहाँको अनुहारको प्रसन्नताबाट प्रकट हुन्थ्यो । हलेसीदेखि दक्षिण भारत, कामख्क्षादेखि कन्याकुमारीसम्मका रोचन घटनाक्रम प्रत्येक भेटमा सुनाउन उत्सुक हुनुहुन्थ्यो । यति हुँदाहुँदै पनि फेरि उहाँलाई दोम्रो अट्याक भएको छ । हामी सबै पशुपतिनाथसँग हात जोडेर बिन्ती गर्न आतुर थियौं ।

'दुः ख मे सुमिरण सब करे, सुखमे करेन कोई,
जो सुखमे करे सुमिरण दुःख काहेको होई कबिरा ।
दुःख काहेको होइ !'

कबिरसँग पनि झगडा गर्न मन लाग्यो । मेरी आमा त सुखमा निकै सुमिरण गर्थिन् अनि फेरि किन दुःख भोग्नु पऱ्यो ? तर्क धेरै गर्दा तनाव पो हुने रहेछ । मलाई त शान्ति मन पर्छ भो त्यसैले तर्क गर्दिनँ । यस्तो सोच्दै एकछिन पछि शान्त भएर पुनः सोचें ।

बिरामी हुनुमा के भगवानको हातमा छ ? आधुनिक जीवन शैली र खानपिनको कारण हो रोगको जड तर अप्ठ्यारो परिस्थितिमा जो सुमिरण गर्छ ऊ शान्त हुन सक्छ अरू केही कुरा छैन । मेरो मन फेरि फक्कियो । आँखा बन्द गर्दै नदेखिने सत्तालाई पुकार्रें ।

'अब फेरि मेरी आमाले जीवनका स्वर्णिम पलहरू अस्पतालको ओछ्यानमा बिताउन नपरोस् । हिँड्दाहिँड्दै, खाँदाखाँदै, बोल्दाबोल्दै मेरी आमाको अन्तिम घडी सुखद् तवरले बितोस् ।'

अवैध सुपारीसहित सवारीसाधन नियन्त्रण

झापा, फागुन १५। मेचीनगर नगरपालिका-६ बाट अवैध सुपारी बोकेको सवारीसाधनसहित प्रहरीले नियन्त्रणमा लिएको छ ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले प्रदेश १-०२-००२ च ५४३२ नम्बरको पिकअप गाडीलाई शंका लागेर चेकजाँच गर्दा भीसीटीएक लगायतको आवश्यक कागजपत्र नभएको दुई हजार किलोग्राम सुपारी फेला परेकोले नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिएको अवैध सुपारी र सवारीसाधन तथा चालक दमक नगरपालिका-१ का मुकेश चौधरी समेतलाई आवश्यक कारवाहीको लागि आन्तरिक राजश्व कार्यालय इटहरी सुनसरी पठाइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

छुट्टाछुट्टै घटनामा तीन जनाको मृत्यु

झापा, फागुन १५। भोजपुर र मोरङका छुट्टाछुट्टै स्थानमा भएका घटनामा तीन जनाको मृत्यु भएको छ ।

भोजपुरको षडानन्द नगरपालिका-१२ मा चट्याङ लागेर एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । स्थानीय भक्तबहादुर भुजेलको घरमा चट्याङ पर्दा घरमा बसिरहेका उनको १५ बर्षीय छोरा प्रदिप भुजेल र छिमेकी नारायण भुजेलको १३ बर्षीय छोरा सरोज भुजेललाई चट्याङले लागेर घाइते भएका थिए । घाइते भएका दुबै जनालाई तत्काल उपचारको लागि मनकामना अस्पताल तुम्लिङटार लगिएकोमा उपचारको क्रममा सरोज भुजेलको मृत्यु भएको प्रहरीले जनाएको छ ।

यता मोरङको पथरी शनिश्चरे नगरपालिका-५ पोखरीमा डुबेर एक जना बालकको मृत्यु भएको छ । पथरीशनिश्चरे-५ का अनिश आचार्यका अढाई बर्षीय छोरा आईस आचार्य खेल्ने क्रममा घर नजिकै रहेको पोखरीमा डुबीरहेको अवस्थामा उनको बुबाले फेला पारेर उपचारको लागि अर्निको अस्पताल उर्लाबारी लगेकोमा उपचार हुन नसकी थप उपचारको लागि एड्भान्स अस्पताल दमक लैजाने क्रममा बाटोमा नै मृत्यु भएको हो । घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय पथरीबाट थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

त्यस्तै मोरङको सुन्दरहरैचा नगरपालिका-१० स्थित राजमार्गमा बसको ठक्करबाट एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

मे. १ ख २२८३ नम्बरको बसले विपरीत दिशाबाट आउँदै गरेको प्रदेश १-०२-०४३ प ३२४३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा घाइते भएका मोटरसाइकल चालक सुन्दरहरैचा-६ का ३५ बर्षीय थमप्रसाद कोइराला र मोटरसाइकल पछाडि सवार रहेका उनका ६० बर्षीय बुवा उमाकान्त कोइरालालाई उपचारका लागि न्युरो अस्पताल विराटनगर लगिएकोमा उपचारको क्रममा उमाकान्त कोइरालाको मृत्यु भएको हो ।

ठक्कर दिने बस र चालक बेलबारी नगरपालिका-११ का नरबहादुर मगरलाई इलाका प्रहरी कार्यालय बेलबारीले नियन्त्रणमा लिइ घटना सम्बन्धमा थप अनुसन्धान गरिरहेको जनाइएको छ ।

मेस्सीलाई आक्रमणको धम्की



अर्जेन्टिनी फुटबल सुपरस्टार लियोनल मेस्सीलाई आक्रमणको धम्की दिँदै बन्दुकधारीको एक समूहले उनको ससुरालीको स्वामित्वमा रहेको सुपरमार्केटमा गोली प्रहार गरेका छन् ।

मेस्सीकी श्रीमती एन्टोनेला रोकुजोको परिवारको स्वामित्वमा देशको तेस्रो ठूलो शहर रोजारियोको स्थित युनिको सुपरमार्केटमा बिहीबार एक दर्जन गोली प्रहार गरेर आक्रमणकारीले छाडेको लिखित सन्देशमा मेस्सीलाई आक्रमणको धम्की दिइएको हो । ब्यूनस आयर्सबाट तीन सय किलोमिटर उत्तरपश्चिममा रोजारियो शहर अवस्थित छ ।

मेस्सीका ससुरालीको पसल बाहिर टाँसिएको सन्देशमा- 'मेस्सी ! हामी तिमीलाई पर्खिरहेका छौं, जाभकिन पनि लागूऔषध तस्कर हो, उसले तिम्रो ख्याल गर्दैन' भनिएको छ । रोजारियोका शहरका प्रमुख पाब्लो जाभकिनले आक्रमण गरिएको पसलको अवलोकन गरेर लागूऔषध सम्बन्धी हिसामा भएको वृद्धिलाई रोक्न असफल भएको भन्दै सङ्घीय अधिकारीहरुको आलोचना गरेका छन् ।

मेस्सीलाई धेरै अर्जेन्टिनीले महान् फुटबल खेलाडीका रुपमा सम्मान गर्छन् । ३६ वर्षपछि उनको नेतृत्वमा अर्टेन्टिनी राष्ट्रिय टोलीले गत डिसेम्बरमा विश्वकप प्रतियोगिता जितेपछि उनीप्रतिको सम्मान अझ बढेको छ । मेस्सी हाल पेरिस सेन्ट-जर्मेनबाट खेलिरहेका छन् । धेरै समय उनी विदेशमा नै बिताउँछन् । यद्यपि उनी रोजारियो पनि जाने गर्छन् । फ्युनेसको उपनगरमा उनो घर छ । फ्रान्सेली टोलीले बिहीबार बिहान मेस्सीको प्रशिक्षणको तस्वीर सामाजिक सञ्जालमा पोस्ट गरेको थियो ।

रोजारियोका अभियोजक फेडेरिको रेबोलाले सुरक्षा क्यामेरा फुटेजको समीक्षा सुरक्षा अधिकारीहरुले गरिरहेका तथा प्रारम्भिक अनुसन्धान प्रारम्भ भएको बताएका छन् । मेस्सीका ससुरालीले पनि यस प्रकारको धम्की पहिलोपटक पाएको बताएका छन् । सान्ता फे प्रान्तका न्याय मन्त्री सेलिया एरेनाले समाजमा आतंक मच्चाउन माफिया समूहले उक्त आक्रमण गरेको बताएका छन् । उनले यो आक्रमणको उद्देश्य आपराधिक हिंसाबिरूद्ध लडिरहेकाहरुलाई निरुत्साहित गर्न भएको सामाजिक सञ्जालमा लेखेका छन् ।

नकलबन्दा विलिभर्सको वार्षिक उत्सव

मेचीनगर, फागुन १५। नकलबन्दा विलिभर्स इङ्लिस स्कूलको १७औं वार्षिक उत्सव सम्पन्न भएको छ ।

मेचीनगर-८ स्थित विद्यालयको प्राङ्गणमा विविध कार्यक्रम गरी वार्षिक उत्सव मनाएको हो । नकलबन्दा विलिभर्स इङ्लिस स्कूलका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दशरथ खडियाको सभापतित्व तथा विलिभर्स इण्टर्न चर्च जिल्ला परिषद झापा संयोजक तथा येरुशलेम विलिभर्स इण्टर्न चर्चका फादर रेभ जगतबहादुर वाग्लेको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रममा गंगा मेमोरियल इङ्लिस स्कूलका प्रिन्सिपल केशरप्रसाद तिम्सिना, विद्यालयका पूर्व प्रिन्सिपल प्रतिक उराँव, फादर बालकृष्ण मैनाली, कृष्ण राई लगायतले बोलेका थिए । कार्यक्रममा अभिभावकहरुलाई समेत खेल खेलाइएको थियो । पुरुष अभिभावकहरुतर्फ किशोर उपरकोटी प्रथम भएका थिए भने महिलातर्फ चन्द्रा बस्नेत प्रथम भएकी थिइन् । बिजेताहरुलाई पुरस्कार समेत प्रदान गरिएको थियो । विद्यालयकी शिक्षिका चम्पा तामाङले स्वागत गरेको कार्यक्रमको सञ्चालन शिक्षकद्वय सन्देश राई र सकुन लिम्बूले गरेका थिए ।

ब्राउन सुगरसहित पक्राउ

झापा, फागुन १५। मोरङ र झापाको छुट्टाछुट्टै स्थानबाट लागूऔषध ब्राउनसुगरसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मोरङको विराटनगर-१५ स्थितमा लागूऔषध नियन्त्रण ब्यूरो विराटनगरबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा विराटनगर-६ का आयुफ अलीलाई ०.४५ ग्राम ब्राउन सुगरसहित नियन्त्रणमा लिएको हो ।

यता झापाको मेचीनगर नगरपालिका-६ स्थितमा इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाबाट

खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका अर्जुनधारा नगरपालिका-११ का ३६ बर्षीय सागर गिरीको साथबाट एक ग्राम सात सय मिलिग्राम र मेचीनगर-६ कि २० बर्षीया सन्ध्या दर्जीको साथबाट तीन ग्राम ब्राउन सुगर बरामद भएसँगै नियन्त्रणमा लिएको हो ।

प्रतिबन्धित ब्राउनसुगरसहित पक्राउ परेका उनीहरुको सम्बन्धित कार्यालयहरुबाट थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ताप्लेजुङ-पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

इ-साइकल र स्कुटी
ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-
जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
९८१५३५०५३, ९८०२७४२४५६

कर्मचारी आवश्यकता
यस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यकता भएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
पद: P.R.O- ६ जना
(समय ११देखि ५ बजेसम्म)
योग्यता: +२ वा सो सरह
तलब: १५१०० सम्म
नोट: जीवन बीमा र बोनसको व्यवस्था छ ।
सम्पर्क: G.F.M. को कार्यालय
भद्रपुर बस स्टेण्ड
(NMC सहकारी छेऊ)
Mob: 9814397340, 9842447160

कर्मचारी आवश्यकता
बिर्तामोड नगरपालिका-४ मा प्रमुख कार्यालय रहेको जनसेवा बचत तथा ऋण सहकारी संस्था लि.लाई निम्न कर्मचारीको आवश्यकता परेकोले इच्छुक महानुभावहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
पद : बजार प्रतिनिधि
संख्या : केही
तलब : संस्थाको नियम अनुसार प्रदान गरिनेछ ।
दरखास्त फारम : संस्थाको कार्यालय वा बजार प्रतिनिधिका लागि रु. २००।-
नोट : आवश्यक कागजातको सक्कल कपी लिएर आउनुहोला ।
जन सेवा बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-४, भद्रपुररोड १ किलोमिटर
(पुरानो गोमेन्द्र चौक)
फोन नं. :- ०२३-५९१४८७

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त-
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोट: यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

फोहोर व्यवस्थापनबारे नगरबासीमा अनुरोध
- बिर्तामोड नगरपालिकालाई सफा, सुन्दर र हराबरा बनाउनका लागि यही फागुन १ गतेदेखि फोहोर वर्गीकरणको प्रक्रिया लागु हुने भएको हुँदा घर, पसल, कार्यालय, होटल, रेष्टुरेन्ट, फार्मेसी लगायत सम्पूर्ण व्यापारी व्यवसायीहरुले अनिवार्य रुपमा कुहिने, नकुहिने प्लास्टिकजन्य र सिसा तथा धातुजन्य गरी ३ भागमा विभाजन गर्नुँ ।
- फोहोर वर्गीकरणको प्रक्रियालाई बेवास्ता गरी वर्गीकरण नगरी राखेमा उक्त फोहोर उठाउन नगरपालिका बाध्य हुने छैन । साथै, उक्त फोहोर व्यवस्थापनको जिम्मेवारी समेत स्वयम् घर, पसल धनीले लिनु पर्नेछ ।
- सडकको दायाँबाया, बिजुलीको पोल भएको ठाउँ लगायत कुनै पनि सार्वजनिक स्थलमा फोहोर बिसर्जन नगर्नुँ । यदि त्यसो गरेको पाइएमा प्रचलित कानुन अनुसार पाँच हजार रुपैयाँदेखि ५० हजार जरिवाना तथा कारबाही हुने व्यहोरा जानकारी गराउँदछौं ।
- तपाईको सहयोगले नै नगर समृद्ध, व्यवस्थित र सुन्दर सफा हुने भएकोले नगरपालिकाले जारी गरेको सूचना कार्यान्वयन गर्नुँ ।
- फोहोर लिन आउने गाडीलाई वर्गीकरण गरेको फोहोर मात्र दिएर सहयोग गर्नुँ ।
- फोहोर व्यवस्थापन सम्बन्धी कुनै पनि समस्या तथा जिज्ञासा भए आफ्नो नजिकको वडा कार्यालय, नगरपालिका अथवा टोल विकास संस्थासँग सम्पर्क गर्नुँ ।
- फोहोरलाई वर्गीकरण गरेर जिम्मेवार नागरिकको कर्तव्य पूरा गर्नुँ ।
बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. १, झापा

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, स्वास्थ्यमा गडबडीको योग रहेको छ, आज खानपानमा विशेष ध्यान दिनुहोला ।
बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
दिन फलदायी रहेको छ, चिट्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, आज तपाईको मन प्रशन्न रहने छ ।
मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
तपाईंको मन अशान्त र निराश रहन सक्छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहला ।
कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले धप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।
सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
समयमा होस नपुग्नाले व्यवाहारमा पछि परिएला, आफ्ना बाट टर्ताढिनुपर्ने स्थिति आउन सक्छ, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्ने समय रहेको छ ।
कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ । छोटो दुरीको यात्रा हुनेछ, बिपरित लिङ्गीको सहयोग प्राप्त हुनेछ, तपाई मन प्रशन्न रहने छ ।
तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।
बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।
धनु (ये, यो, भ, मि, भु, ध, फा, ढ, भे) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।
मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य रहनुहोला ।
कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।
मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको श्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसिलो भएर जाने योग रहेको छ ।